**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २० जून २०२६**

समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- आज राज्यभरिनै पश्चिमबंग दिवस धुमधाम सित मनाइन्दै छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज १८ हजार ८८० करोड रुपियाँको पीएम-किसान योजनाको २३ औं किस्ता जारी गर्नुभएको छ|

- अंतरराष्ट्रीय योग दिवसको अवसरमा भोली मुख्य कार्यक्रम कोलकाताको ऐतिहासिक रेड रोडमा आयोजित गरिनेछ।

- बालासन नदीको जलस्तर घटेपछि दुधे पुलको मरम्मत कार्य शुरू गरिएको छ।

- गोर्खा जनमुक्ति मोर्चाले आज मुख्यमन्त्रि शुभेन्दु अधिकारीलाई पत्र लेख्दै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभालाई तुरुन्तै विघटन गर्न आग्रह गरेको छ

**पश्चिमबंग दिवस**

आज राज्यभरिनै पश्चिमबंग दिवस धुमधाम सित मनाइन्दै छ। 20 जून पश्चिम बंगला तथा भारतको इतिहासमा एक ऐतिहासिक महत्वको दिन हो। त्येस समयको बंगाल विधानसभाले 20 जून 1947 मा पाकिस्तानमा विलयको प्रस्तावलाई रद्द गरेर पश्चिम बंगालको भूभाग भारतको अभिन्न अंग बनिरहने आशयलाई स्वीकृति प्रदान गरेको थियो।

BYTE

प्रधानमंत्री नरेंद्र मोदीले पश्चिम बंगालको तारकेश्वरमा किसानहरूका खातामा पीएम किसान योजना बमोजिम दुई-दुई हजार रुपिया DBT द्वारा स्थानान्तरित गर्नु भयो। यस अवसरमा उहाँले राज्यको नयाँ भाजपा सरकारको विकास कार्यहरूको सराहना गर्नु भयो। उहाँले इतिहासको उल्लेख गर्दै भन्नु भयो कांग्रेसले बंगाललाई पाकिस्तानमा मिलाउने साजिश रचनेहरूमा अघि घुंडा टेकी दिएको थियो बनि आरोप लगाउनु भयो। तर डॉ. श्यामा प्रसाद मुखर्जीले सो षणयंत्रहरूलाई बिफल पारि दिनु भयो। पीएम मोदी भन्नु भयो बंगाल अब सांगलीहरूबाट मुक्त भएकोछ।

पश्चिम बंगालमा पहिलो पल्ट भाजपा सरकार बननेकोमा प्रशन्नता व्यक्त गर्नु भयो। उहाँले भोली कोलकाताको रेडरोडमा आयोजित मुख्य अन्तर्राष्ट्रीय योग दिवस समारोहमा उपस्थित रहनु हुने छ। आज दुई दिने भ्रमणमा कोलकाता आउनु भएको हो।

**बंगाल दिवस शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति सी. पी. राधाकृष्णन, प्रधानमन्त्रि नरेन्द्र मोदी तथा गृहमन्त्री अमित शाहले पश्चिम बंगाल दिवसको अवसरमा राज्यवासीलाई शुभकामना दिनु भएको छ। सामाजिक सञ्जाल मार्फत शुभकामना दिनु हुँदै राष्ट्रपति मुर्मुले साहित्य, संगीत, कला, विज्ञान, शिक्षा र सामाजिक सुधारको क्षेत्रमा पश्चिम

बंगालको योगदानको प्रसंशा गर्नुभयो। यसै गरि, श्री राधाकृष्णनले आफ्नो सन्देशमा पश्चिम बंगालले देशको सांस्कृतिक र राष्ट्रिय परिदृश्यमा महत्वपूर्ण स्थान ओगटेको बताउनु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक संजालमा पोस्ट गर्नु हुँदै सरकारले पश्चिम बंगाल सरकारसँग मिलेर राज्यका जनताको सपना र आकांक्षा पूरा गर्ने बताउनु भयो। उहाँले राज्यको प्रगति र समृद्धिको कामना गर्नु भयो। गृहमन्त्रि शाहले पश्चिम बंगालका सबै मानिसहरुलाई बधाई दिनु हुँदै बंगालले भक्ति आन्दोलन, स्वतन्त्रता सङ्ग्राम, पुनर्जागरणदेखि राष्ट्र निर्माणका प्रत्येक चरणमा असाधारण योगदान दिएको बताउनु भयो।

**मुख्यमन्त्री बङ्गाल दिवस**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले बङ्गाल दिवसको अवसरमा राज्यका जनतालाई शुभकामना दिंनु भएको छ| सामाजिक संजालमा पोस्ट गर्नु हुँदै श्री अधिकारी २० जुनलाई पश्चिम बंगालको इतिहासमा एक महत्वपूर्ण दिनको रूपमा वर्णन गर्नु भयो - जसले बंगाली जनताको भविष्यलाई आकार दियो। उहाँले भन्नु भयो डा. श्यामाप्रसाद मुखर्जीको आदर्शबाट प्रेरित सरकारले औपचारिक रूपमा पश्चिम बंगाल दिवस मनाउँदैछ। उहाँले आरोप लगाउनु भयो कि विगतका सरकारहरूले आफ्नो राजनीतिक स्वार्थ र तुष्टीकरणको राजनीतिका कारण यस दिनको महत्त्वलाई दबाउन खोजेका थिए।

**तृणमूल ब्याङ्क खाता फ्रीज**

पश्चिम बङ्गालको तृणमूल कङ्ग्रेसभित्र जारी राजनीतिक संघर्षबीच पार्टीले पार्टीको तीन वटा ब्याङ्क खाताहरूको डेबिट फ्रीज गरिदिएको छ। यस कारबाही पश्चात अब यी खाताहरूबाट हाल कुनै पनि प्रकारको निकाकसी गर्न सकिंदैन। सूत्र अनुसार यी तीनैवटा खाताहरूमा लगभग 440 करोड़ रुपियाँ जमा छ। रिपोर्ट अनुसार, तृणमूल नेता अरूप विश्वासले सम्बन्धित निजी ब्याङ्कलाई पत्र लेखेर यी खाताहरूलाई फ्रीज गर्ने अनुरोध गर्नु भएको थियो। यस अतिरिक्त पार्टीको विद्रोही खेमासित जोड़िएका लगभग 10 जना विधायकहरूले पनि यस सम्बन्धमा बिधाननगर पुलिस आयुक्तालयमा सिकायत गरेका थिए। त्यसपछि पुलिसले कारबाही गर्दै खाताहरूमाथि रोक लगाइदियो।

**योग दिवस**

अंतरराष्ट्रीय योग दिवस भोली बिश्वभरिनै मनाईनेछ । 12 औ अंतरराष्ट्रीय योग दिवसको विषय रहेको छ - **बढदो उमेरको प्रभावलाई रोक्नको लागि योग**। यस विषयले उमेर बढनको साथै स्वस्थ, सक्रिय अनि सम्मानित जीवन जिउनको लागि योगको आजीवन अभ्यास गर्ने महत्व लाई जोर दिदछ । अंतरराष्ट्रीय योग दिवसको मुख्य कार्यक्रम पश्चिम बंगालको कोलकातामा ऐतिहासिक रेड रोडमा आयोजित गरिनेछ । प्रधानमंत्री नरेन्द्र मोदीले यस कार्यक्रममा सामान्य योगाभ्यासको अवधि राष्ट्रको नेतृत्व गर्नुहुनेछ । रेड रोडमा राष्ट्रीय कार्यक्रम बिहान पांच बजे शुरू हुनेछ । यस कार्यक्रममा हजारौ मानिसहरुले योगासन गर्नेछन् जबकि देश- विदेशका लाखौ मानिसहरु वर्चुअल माध्यमसित जोडिने संभावना छ । यस कार्यक्रमले स्वास्थ्य, सामंजस्य अनि सामूहिक कल्याणको भावनालाई प्रोत्साहन दिने वैश्विक आंदोलनको रूपमा योगको बढदो भूमिकालाई पुन: पुष्टि गर्नेछ ।

**दुधे- मरम्मत कार्य जारी**

बालासन नदीको जलस्तर घटेपछि दुधे पुलको मरम्मत कार्य शुरू गरिएको छ। लोक निर्माण विभाग (पीडब्ल्यूडी)-ले द्रूत गतिमा मरम्मत कार्य गरिरहेको छ। उल्लेखनीय छ, गत बिहीवार राती भएको अविरल वर्षाको कारणले बालासन नदीको पानी बढ़ेर माथि पुगेको थियो जसले गर्दा दुधे क्षेत्रको स्थिति अस्थिर भएको थियो। नदीको जलस्तर बढ़ेर दुधेमा बनिएको ह्यूम पाइपको अस्थायी पुललाई पनि बगाएको थियो। फलस्वरूप सिलगढ़ी-मिरिकमाझ सम्पर्क विच्छिन्न भएको थियो। अहिले पानी रोकिएपछि स्थितिमा सुधार भइरहेको छ। नदीको जलस्तर घट्नसाथ आजदेखि लोक निर्माण विभागले द्रूत गतिमा पुलको मरम्मत कार्य शुरू गरेको छ।

नदीको प्रवाहलाई सामान्य बनाइराख्न जेसीबी मशिनहरूको सहयोगले पुल वरिपरी थुप्रिएको बालुवालाई हटाइँदैछ। यसै बालुवालाई प्रयोग गरी क्षतिग्रस्त अस्थायी पुललाई पुनः बनाइँदैछ। स्थानीय प्रशासनको भनाइ अनुसार यदि मौसम अनुकूल रहे आगामी तीन दिनभित्रमा यो कार्य पुरा हुनेछ अनि सिलगढ़ी-मिरिकबीच यातायात पुन शुरू हुनसक्छ। यसैबीच आज कोलकाताबाट फर्किने बित्तिकै खर्साङका बिधायक सोनाम लामाले दुधे क्षेत्रको भ्रमण गर्नुभयो। उहाले प्रभावित स्थानीयवासीहरूसँग भेट गरी उनीहरुको समस्या, दुःख–कष्ट र आवश्यकताबारे जानकारी लिनुभयो अनि सम्बन्धित विभाग तथा अधिकारीहरूसँग तत्काल समन्वय गरी समस्या समाधानका लागि आवश्यक पहल गर्ने विषयमा छलफल गर्नुभयो| पुल पुनः सञ्चालन र जनजीवन सामान्य बनाउन आवश्यक कार्यहरू यथाशीघ्र अघि बढाउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता पनि उहाले व्यक्त गर्नुभयो।

**शहिद परिवार**

मुख्यमन्त्री सुभेन्दु अधिकारीद्वारा घोषणा गरिएको प्रत्येक शहीद परिवारलाई ५ लाख रुपियाँ आर्थिक सहयोग उपलब्ध गराउने तथा परिवारका एक सदस्यलाई सरकारी जागिर दिने योजना अन्तर्गत आवश्यक प्रक्रिया सुरु गरिएको छ। यसको लागि सम्बन्धित शहीद परिवारहरूलाई आवश्यक कागजातसहित तोकिएका प्रतिनिधिसँग सम्पर्क गर्न अनुरोध गरिएको छ। दार्जिलिङ जिल्लाका शहीद परिवारहरूले सुमन प्रधान तथा कालिम्पोङ जिल्लाका शहीद परिवारहरूले बिरेन भुजेल सँग सम्पर्क गर्न सक्नेछन्। सूचनामा शहीदहरूको बलिदानप्रति उच्च सम्मान व्यक्त गर्दै सबै सम्बन्धित परिवारलाई समयमै सम्पर्क गरी आवश्यक प्रक्रिया पूरा गर्न आग्रह गरिएको छ।

**********